नेपाल सरकार

गृह मन्त्रालय

**सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय**

**आर्थिक प्रशासन निर्देशनालय**

खरिद इकाई (प्रबन्ध शाखा)

हलचोक, काठमाण्डौ

**राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं. APF/NCB/G/07/2074/075**

प्रथम पटक सूचना प्रकाशित मिति २०७४।१०।१७ गते

१. नेपाल सरकारको स्रोतबाट व्यहोर्ने गरी यस सशस्त्र प्रहरी बल, नेपाललाई आर्थिक बर्ष २०७४/०७५ को लागि आवश्यक भएको देहाए बमोजिमको सवारी साधन खरिद गर्नुपर्ने भएकाले योग्य बोलपत्रदाताहरुबाट सिलबन्दी बोलपत्र वा e-bidding को माध्यम मध्ये कुनै एक माध्यमबाट बोलपत्र पेश गर्न यो राष्ट्रियस्तरको बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

२. योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजात यस कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय लैनचौर, काठमाण्डौ बाट लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण सहित), स्थायी लेखा नम्बर (PAN)/मू.अ. कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७३/०७४ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि र देहाए बमोजिमको बोलपत्र सम्बन्धी कागजातको दस्तुर (फिर्ता नहुने) बुझाई मिति २०७४।११।२० गतेको कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्न सकिनेछ । बोलपत्र सम्बन्धी कागजातहरु हुलाक/कुरियर मार्फत पनि पठाउन सकिनेछ । कुनै बोलपत्रदाताले थप रु. २,०००/- सहित बोलपत्र सम्बन्धी कागजातहरु हुलाक/कुरियर मार्फत पठाई दिन अनुरोध गरेमा हुलाक/कुरियर मार्फत पनि पठाउन सकिनेछ, तर त्यसरी हुलाक/कुरियर मार्फत पठाईएको बोलपत्र सम्बन्धी कागजातहरु ढिलो गरी पुगेमा वा डेलिभरी नै नभएमा यस कार्यालय जिम्मेवार हुने छैन ।

३. बोलपत्रको मान्य अवधि बोलपत्र खोलिने दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिन सम्मको लागि हुनु पर्नेछ । बोलपत्रको साथ देहाए बमोजिमको रकममा नघटाई बोलपत्रको मान्य हुने अबधि भन्दा कम्तिमा पनि ३० दिन बढी अर्थात बोलपत्र खोलिने दिनदेखि गणना हुने गरी कम्तिमा १२० दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत प्राप्त कुनै वाणिज्य बैंकबाट जारी भएको सक्कलै बोलपत्र जमानत वा कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित धरौटी खाता नं. ११००२०३, यस कार्यालयको कोड नं. २७-३१४-५४ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

४. Pre-bid meeting मिति २०७४।११।०६ गते १३०० बजे सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, प्रबन्ध शाखा, हलचोकमा हुनेछ ।

५. सिलबन्दी गरिएको बोलपत्र मिति २०७४।११।२१ गते १२०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, प्रबन्ध शाखा, हलचोकमा दर्ता गरी सक्नु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्विकार गरिने छैन ।

६. म्याद भित्र पेश भएका बोलपत्रहरु मिति २०७४।११।२१ गते १४०० वजे आमन्त्रित सरकारी निकायका प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु तथा निजहरुको प्रतिनिधिहरुको रोहवरमा प्रबन्ध शाखामा खोलिने छ । बोलपत्रदाता तथा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

७. बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने र बोलपत्र दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने, बोलपत्र दर्ता गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

८. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. योग्य बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको फोन नं. ४२८९७४९ मा सम्पर्क गरी कार्यालय समयमा सम्पर्क राख्न सक्नेछन ।

१०. यो सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np मा समेत हेर्न सकिने छ । सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन -२०६३ (संशोधन सहति) तथा सार्वजनिक खरिद नियमावली -२०६४ (संशोधन सहित) र बोलपत्र कागजातमा उल्लेख भए अनुसार एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

११. <u>e-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि</u> :

(क) यस कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम Portal www.bolpatra.gov.np बाट खरिद सम्बन्धी e-bidding को कार्य गरिने हुँदा उक्त website मा Login गरी प्राप्त निर्देशन अनुसार गर्नु पर्नेछ ।

(ख) बोलपत्रसाथ पेश गर्न पर्ने कागजातहरु e-bidding website: www.bolpatra.gov.np मा Scanned Copy PDF Format मा Upload गर्नुपर्ने छ । बोलपत्र सम्बन्धी कागजातको दस्तुर बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, ठमेल स्थित राजश्व खाता नं.१-१-००१, यस कार्यालयको कोड नं.२७-३१४-५४ को राजश्व शिर्षक नं. १४२२७ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्ने छ ।

(ग) e-submission मिति २०७४।११।२१ गते १२०० बजे भित्र Scan गरी PDF Format मा Upload गरिसक्नु पर्नेछ । Upload भएका बोलपत्रहरु सोहि दिनको १४०० वजे खोलिने छ र खोल्ने समयमा बोलपत्र जमानतको सक्कल प्रति तथा अन्य कागजातहरुका प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(घ) e-submission भएका बोलपत्रहरु बोलपत्र खोल्ने समयमा Upload भएको नदेखिएमा Upload भएको कागजात प्रष्टसंग नबुझिएमा Download हुन नसकेमा वा नभएमा, Download भएको कागजात नखुलेमा यस कार्यालय कुनै किसिमको जवाफदेही हुने छैन ।

१२. खरिद गरिने सवारी साधनको नाम, परिमाण, बोलपत्र जमानत रकम र बोलपत्र कागजातको बिक्री दस्तुर देहाए बमोजिम हुनेछ :

| क्र.सं. | बोलपत्र आह्वान सूचना नं. | खरिद गरिने सामानको विवरण | परिमाण तथा इकाई | बोलपत्र जमानत रकम रु. | बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | APF/NCB/G/07/01/2074/075 | 4WD Double Cab Pickup | १६ थान | १५,००,०००/- | ५,०००/- |